NEPAL CLEARING HOUSE

नेपाल राष्ट्र बैंकबाट "भुक्तानी प्रणाली सञ्चालक" को कार्य गर्न अनुमतिपत्रप्राप्त संस्था

# पन्ध्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(पहिलो पटक कम्पनीको वेबसाइटमा प्रकाशित मिति: २०८३/०६/०७)

श्री शेयरधनी महानुभावहरू,

यस कम्पनीको सञ्चालक समितिको मिति २०८३/०६/०७ मा बसेको २९०औं बैठकको निर्णय बमोजिम यस कम्पनीको पन्ध्रौं वार्षिक साधारण सभा देहाय बमोजिमका मिति, स्थान र समयमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय :-**

**मिति** : २०८३ साल असोज महिना २८, बुधबार (तदनुसार 14th October 2026, Wednesday)
**स्थान** : होटल याक एण्ड यति, दरबार मार्ग, काठमाडौं ।
**समय** : बिहान १०:३० बजे

**छलफल गर्ने विषयहरु :-**

**क. साधारण प्रस्ताव :-**

१. सञ्चालक समितिको आ.व. २०८२/८३ को प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षण प्रतिवेदन सहितको २०८३ आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०८२/८३ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने ।
३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम ०.७८९४७४ प्रतिशत नगद लाभांश (रु. १,१५,१४,५६९।-) बोनस शेयर बापतको कर प्रयोजनका लागि स्वीकृत गर्ने ।
४. आ.व. २०८३/८४ को लागि बाह्य लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख. विशेष प्रस्ताव :-**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम १५ प्रतिशत बोनस शेयर (दशमलबलाई राउन्ड गर्दा हुन आउने २१,८७,७६७ कित्ता) स्वीकृत गर्ने ।
२. कम्पनीको मुख्य उद्धेश्य थप गर्न र बोनस शेयर बराबर चुक्ता पुंजी वृद्धि गर्न प्रबन्धपत्रको संशोधन स्वीकृत गर्ने ।
३. प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा सुझाव आएमा आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्ने अख्तियारी दिने ।
४. बैंकिङ्ग/वित्तीय तथा भुक्तानी लगायतका प्रविधिहरुमा अनुसन्धान, प्रणाली र सफ्टवेयर विकास, जडान एवं सो सम्बन्धि आवश्यक कार्य गर्ने उद्देश्यसहित कम्पनीको सहायक/सम्बद्ध कम्पनीको रुपमा छुट्टै पब्लिक लिमिटेड कम्पनी स्थापना गर्न आवश्यक स्वीकृति तथा प्रक्रिया अघि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

(१) शेयरधनीज्यूहरुको ठेगानामा हुलाक/कुरियरबाट पठाइने वार्षिक साधारण सभाको प्रतिवेदन यस कम्पनीको वेभसाइट www.nchl.com.np मा पनि हेर्न सकिनेछ । कुनै कारणले प्रतिवेदन प्राप्त नगर्नु हुने शेयरधनीज्यूहरूले यस कम्पनीको रजिष्ट्र्ड कार्यालयमा शेयरधनी प्रमाण-पत्र प्रस्तुत गरी सो प्राप्त गर्न सक्नु हुनेछ ।
(२) लेखापरिक्षकको प्रतिवेदन सहित कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरु कम्पनीको रजिष्ट्र्ड कार्यालय, कमलादी काठमाडौंमा कार्यालय समय भित्र निरीक्षण गर्न तथा त्यसको प्रतिलिपी माग गरेमा प्रतिलिपी दिने व्यवस्था मिलाईएको छ ।
(३) सभामा उपस्थित हुने शेयरधनी कम्पनीको प्रतिनिधित्व गर्ने आधिकारिक पत्र साथमा लिई आउनुहुन अनुरोध छ । कथम कदाचित् सो सम्भव नभए शेयरधनी प्रमाण-पत्र साथमा लिई आउनुहुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।
(४) सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीज्यूहरूले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालयमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्के मुकर्रर गर्ने भएमा सोको लिखित सूचना सोही अवधिभित्र कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ ।
(५) शेयरधनीज्यूहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान १०:०० बजे देखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।
(६) अन्य कुनै जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालय, कमलादी, काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

## नेपाल क्लियरिङ्ग हाउस लिमिटेड

डि. डि. प्लाजा, कमलादी, काठमाडौं, पो.ब.नं. २१४००, फोन नं. ०१-५९७००६५
www.nchl.com.np

Size: 4x25